# तिलाठी कोइलाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# तिलाठी, सप्तरी
# प्रदेश नं. २, नेपाल

## शिलबन्दी बोलपत्र आहवानको सूचना नं. ०२।०७६।०७७(योजना शाखा)
## प्रथम पटक प्रकाशित मिति २०७६-१०-२९ गते

यस गाउँपालिकाको वडा नं. १,५,६,७ मा विभिन्न नाला,बिङ्ग वाँल तथा सडक निर्माण गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त निर्माण कार्य गर्न चाहने इच्छुक इजाजत प्राप्त निर्माण ब्यवसायी, फर्म वा कम्पनीले तपसिलको शर्तको अधिनमा रही गोप्य शिलबन्दी दरभाउ पत्र भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. बार्ड न.१ को विभिन्न नाला तथा सडक निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसीबाहेक रु.५०,६३,७७०.०३ (अक्षरेपि रु.पचास लाख त्रिसट्ठी हजार सात सय सतरी रुपैयाँ तिन पैसा मात्र) रहेको छ ।

२. बार्ड न.५ को विभिन्न सडक निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसीबाहेक रु.४२,८८,३४०.०७ (अक्षरेपि रु.बयालिस लाख अठासी हजार तिन सय चालिस रुपैयाँ सात पैसा मात्र) रहेको छ ।

३. बार्ड न.६ को विभिन्न नाला तथा सडक निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसीबाहेक रु.३७,२९,४९०.६६ (अक्षरेपि रु.सैतिस लाख उन्नतीस हजार चार सय नब्बै रुपैयाँ छैसठी पैसा मात्र) रहेको छ ।

४. बार्ड न.७ को विभिन्न सडक निर्माण तथा बिङ्ग वाँल कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसीबाहेक रु.३२,०२,७८७.१९ (अक्षरेपि रु.बतिस लाख दुई हजार सात सय सतासी रुपैयाँ उन्नाईस पैसा मात्र) रहेको छ ।

५. बोलपत्र फारम फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.ब.२०७५-०७६ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी तपसिल बमोजिमको दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।

६. शिलबन्दी बोलपत्रदाताले फारम साथ सि.नं. ५ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

७. यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म (मिति २०७६-११-२९ गते सम्म) कार्यालय समयभित्र गाउँपालिका कार्यालयबाट शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्रको प्रत्येक पानामा सही छाप गरि, शिलबन्दी गरि, खाम वाहिर फर्मको नामः ठेगाना र कामको नाम प्रष्टसँग लेखी मिति २०७६-११-३० गते यस कार्यालयमा दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्ने छ । म्याद सकिएपछि प्राप्त हुने शिलबन्दी बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० वजे दरभाउ पत्रदाताहरु तथा प्रतिनिधीहरुको रोहवारमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी बोलपत्रदाताहरु वा प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. एक फर्म वा संस्थाको नाममा खरिद भएको शिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन ।

९. शिलबन्दी बोलपत्र ९० दिन सम्मको लागि मान्य हुनेछ । बोलपत्र साथ बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा रहेको एन.एम.बि बैंक,तिलाठी स्थित धरौटी खाता नं. १०८००८५०९६८०००७६ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ ।

१०. शिलबन्दी बोलपत्र शर्त सहित कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य लेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको दस्तखत वा सही छाप हुनु पर्नेछ । रित नपुगेको वा सूचनाको शर्त विपरीत शिलबन्दी बोलपत्रमाथी कारवाही हुने छैन ।

११. शिलबन्दी बोलपत्र दाताले बोलपत्रमा अंक र अक्षर दुवैमा अनिवार्य रुपले दर रेट (मु.अ.कर बाहेक) उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. शिलबन्दी बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा हुनेछ

१३. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना तथा शिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको शिलबन्दी बोलपत्रमा कारबाही गरिने छैन ।

१५. शिलबन्दी बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१६. अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

तपसिल:

| सि.नं. | ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम रु. (मु.अ.कर र कन्टिजेन्सी बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम रु |
|---|---|---|---|---|---|
| १ | ०५-०७६-०७७ | बडा न.१ को बिभिन्न नाला तथा सडक निमार्ण कार्य | रु.५०,६३,७७०.०३ | रु.३०००।– | रु.१,५२,०००.०० |
| २ | ०६-०७६-०७७ | बडा न.५ को बिभिन्न सडक निमार्ण कार्य | रु.४२,८८,३४०.०७ | रु.३०००।– | रु.१,२९,०००.०० |
| ३ | ०७-०७६-०७७ | बार्ड न.६ को विभिन्न नाला तथा सडक निर्माण कार्य | रु.३७,२९,४९०.६६ | रु.३०००।– | रु.१,१२,०००.०० |
| ४ | ०८-०७६-०७७ | बार्ड न.७ को विभिन्न सडक तथा बिङ्ग वाँल निर्माण कार्य | रु.३२,०२,७८७.१९ | रु.३०००।– | रु.९७,०००.०० |

नि.प्रमुख प्रशासकीय अधिकृत